सुदूरपश्चिम प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## वन पैदावारमा आधारित उद्योग र राष्ट्रिय वन बिचको दुरी सम्बन्धी मापदण्ड, २०८०

**प्रस्तावनाः** सुदूरपश्चिम प्रदेशभित्र वन पैदावारमा आधारित उद्योगको स्थापना, विकास र प्रवर्द्धनका लागि वन पैदावारमा आधारित उद्योग र राष्ट्रिय वन बिचको दुरी सम्बन्धी मापदण्ड समयानुकूल कायम गर्न आवश्यक भएकोले सुदूरपश्चिम प्रादेशिक औद्योगिक व्यवसाय ऐन, २०७५ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले यो मापदण्ड बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम “वन पैदावारमा आधारित उद्योग र राष्ट्रिय वन बिचको दुरी सम्बन्धी मापदण्ड, २०८०” रहेको छ ।

(२) यो मापदण्ड प्रदेश राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) “उद्योग र राष्ट्रिय वन बिचको दुरी” भन्नाले उद्योग र सबै भन्दा नजिक पर्ने राष्ट्रिय वनको सिमाना बिचको सिधा दुरी सम्झनु पर्छ ।

(ख) “प्रदेश” भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ।

(ग) “पावर चेन सः” भन्नाले विद्युत वा अन्य इन्धनको प्रयोग हुने स्वःचालित रुख काट्ने आरा वा सोही प्रकारका औजार तथा उपकरण सम्झनु पर्छ।

(घ) “वन पैदावारमा आधारित उद्योग” भन्नाले सःमिल, उड सिजनिङ प्लाण्ट, उड ट्रिटमेण्ट प्लाण्ट वा फर्निचर, भेनियर, प्लाइउड, कत्था, रोजिन एण्ड टर्पेण्टाइन, सालसिड तेल, जडिबुटी (हर्बल प्रोडक्ट), पार्टिकल बोर्ड, कम्पोजिट उड, पार्केटिङ, बेतबाँस, हाते कागज, अल्लोका वस्तु उत्पादन गर्ने लगायत काठ, जडिबुटी वा अन्य वन पैदावारलाई प्रमुख कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योग सम्झनु पर्छ ।

(ङ) "सामुदायिक उद्योग" भन्नाले सामुदायिक वन वा साझेदारी वन वा गरिबमुखी कबुलियती वन उपभोक्ता समूहले आफैं सञ्चालन गर्ने उद्योग सम्झनु पर्छ।

३. **उद्योग र राष्ट्रिय वन बिचको दुरीः** वन पैदावारमा आधारित उद्योग र राष्ट्रिय वन बिचमा देहाय बमोजिमको दुरी कायम गरिएको छः-

| सि.नं. | उद्योगको किसिम | भौगोलिक क्षेत्र (कि.मी.) | |
|---|---|---|---|
| | | उच्च एवम् मध्य पहाडी क्षेत्र | चुरे, भित्री मधेश तथा तराई क्षेत्र |
| १ | फर्निचर | | |

| | | | |
|---|---|---|---|
| १.१ | १८ इन्चसम्म आरा प्रयोग हुने उद्योग | ०.२ | ०.३ |
| १.२ | १८ इन्चदेखि ३५ इन्चसम्म आरा प्रयोग हुने उद्योग | ०.२५ | ०.५ |
| १.३ | ३६ इन्च वा सोभन्दा बढी साइजको आरा प्रयोग हुने सबै खाले उद्योग (सःमिल समेत) | ०.५ | ०.७ |
| २ | उड सिजनिङ प्लाण्ट, उड ट्रिटमेन्ट प्लाण्ट, भेनियर तथा प्लाइउड, पार्टिकल बोर्ड, कम्पोजिट उड, पार्केटिङ उद्योग | ०.५ | ०.७ |
| ३ | दाउरा तथा काठ वा यस्तै प्रकृतिका कच्चा पदार्थलाई पूर्ण वा आंशिक रुपले प्रयोग गर्ने उद्योग | ०.५ | ०.७ |
| ४ | कत्था तथा रोजिन एण्ड टर्पेण्टाइन उद्योग | ०.५ | ०.७ |
| ५ | जडिबुटी वा अन्य गैर काष्ठ वन पैदावारलाई प्रमुख कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योग | ०.२५ | ०.५ |

४. <u>दुरी लागु नहुनेः</u> यस मापदण्डमा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमका वन पैदावारमा आधारित उद्योगको हकमा यो मापदण्ड अनुसारको दुरी लागु हुने छैनः-

(क) औद्योगिक क्षेत्र वा उद्योग ग्रामभित्र सञ्चालन हुने उद्योग,

(ख) सामुदायिक उद्योग,

(ग) नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहने गरी सञ्चालन हुने उद्योग

(घ) हाते कागज उद्योग, निगालो, बेत, बाँस र अल्लोका वस्तु उत्पादन गर्ने उद्योग ।

५. <u>पावर चेन सः दर्ता गर्नु पर्नेः</u> (१) कुनै व्यक्ति, व्यवसायी, सामुदायिक वन वा साझेदारी वन समूहले पावर चेन सः प्रयोग गरी वन व्यवस्थापन गर्नु परेमा डिभिजन वन कार्यालयमा पावर चेन सः दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता गरेको पावर चेन सः को प्रमाण पत्र डिभिजन वन कार्यालयले सम्बन्धित पक्षलाई दिनु पर्नेछ।

(३) यो मापदण्ड कार्यान्वयन हुनु भन्दा अघि प्रयोगमा आएका पावर चेन सः समेत यो मापदण्ड लागू भएको तीन महिनाभित्र अनिवार्य रुपमा दर्ता गराउनु पर्नेछ ।

(४) दर्ता नगरी पावर चेन सः प्रयोग गरेमा डिभिजन वन कार्यालयले जफत गरी प्रचलित कानून बमोजिम कारबाही गर्न सक्नेछ ।

६. <u>जानकारी गराउनु पर्नेः</u> वन पैदावारमा आधारित उद्योग सञ्चालन गर्दा सम्बन्धित उद्योगमा प्रयोग हुने कच्चा पदार्थको स्रोत सुनिश्चितता र स्रोत प्राप्तिको जानकारी सम्बन्धित उद्योगले डिभिजन वन कार्यालय वा मातहतको नजिकको वन कार्यालयलाई वार्षिक रुपमा गराउनु पर्नेछ ।

७. **<u>अनुगमन तथा निरीक्षणः</u>** यस मापदण्डमा उल्लिखित उद्योगको सम्बन्धित डिभिजन वन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयले प्रभावकारी रुपमा अनुगमन तथा निरीक्षण गरी वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित निर्देशनालयमा बुझाउनु पर्नेछ ।

८. **<u>यो मापदण्ड लागु हुनेः</u>** (१) यो मापदण्ड लागु हुनुपूर्व दर्ता भई सञ्चालनमा रहेका वन पैदावारमा आधारित उद्योगले एक वर्षभित्र यो मापदण्डको दुरी पालना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मापदण्ड पालना नगर्ने उद्योगहरूको नवीकरण गरिने छैन।

९. **<u>बाधा अड्काउ फुकाउनेः</u>** यस मापदण्डको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

आज्ञाले,<br>
वेद कुमार ढकाल<br>
प्रदेश सरकारको सचिव